# मिति २०८०/१२/०२ गते बसेको १४८ औं नगर कार्यपालिका बैठकको निर्णयहरु

## निर्णय नं. १

मिति २०८०/११/४ गते बसेको १४७ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको बिषयमा समीक्षा गरियो

## निर्णय नं.२

रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय,यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरु समेतमा सेवा प्रवाहका स्थितिका बिषयमा छलफल गरियो सेवा प्रवाहका बिषयमा सुधार गर्नुपर्ने बिषयहरु सुधार गर्दै सेवा प्रवाहलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने सर्वसम्मत निर्णय गरियो ।

## निर्णय नं. ३

नगर प्रवक्ता श्री कुल प्रसाद सापकोटाज्यूबाट रत्ननगर नगरपालिकाको गत (फागुन) महिनामा सम्पादन भएका मुख्य मुख्य कार्यहरुको विवरण, आर्थिक प्रशासन शाखाबाट आय व्ययको बिवरण, राजश्व शाखाबाट राजश्व संकलनको विवरण पेश भई छलफल गरियो । साथै राजश्व संकलनको अवस्थाका बिषयमा छलफल गरियो र चालु आ.व. को लक्ष्य अनुसार राजश्व संकलनका लागी प्रभावकारी योजना सहितका क्रियाकलापहरु संचालन गर्न राजश्व परामर्श समितिलाई निर्देशन गरियो ।

## निर्णय नं. ४

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. १२ को पं.स १-अनु/सन्ध्या २०८०/०८१ मिति २०८०/११/२१ च.नं. ४७४२२ को पत्र बमोजिमको सुझाव बैठकमा प्रस्तुत भयो प्राप्त पत्रमा उल्लेख भएको सुझाव अनुसार सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ समेतका प्रचलित कानुनहरुको परिपालना गर्ने गराउने गरी कार्यप्रणालीलाई कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो ।

## निर्णय नं. ५

नेपाल सरकारबाट आ. व. २०८१।०८२ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा उपलब्ध हुने वित्तीय समानिकरण अनुदान अन्तरगत कार्यसम्पादन मुल्यांकन वापत प्रदेश सरकार र स्थानीय तहले प्राप्त गरेको अंकको नतिजा मिति २०८० साल फाल्गुन ८ गते प्रकाशित गरी पुनरावलोकनका लागि दिईएको सात दिनको समयमा यस कार्यालयबाट आ व २०७९।०८० मा सम्पादन भएका कामकारबाहीको छुट भएका कागजात सहित पुनरावलोकनका लागि सिफारिस भए बमोजिम मिति २०८०।११।२९ गते प्रकाशित सुचना अनुसार यस रत्ननगर नगरपालिकाले ७४.०१ अंक प्राप्त गरेकाले आजैका मिति देखि उक्त अंक सार्वजनिक गरियो ।

क्रमशः

**निर्णय नं ६**

रत्ननगर नगरपालिकाको आर्थिक ऐन २०८० मा तपसिलको संशोधन, शिर्षक र दररेट थप सहित हाललाई निरन्तरता दिने र आगामी नगर सभाबाट अनुमोदन सहित स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

क. आयस्रोत प्रमाणित तथा सम्पती मुल्यांकन शिर्षकमा विद्यार्थी अध्ययन प्रयोजनको लागि बहालकरको आयस्रोत प्रमाणित सिफारिस दस्तुर ०.५ प्रतिशत हुनुपर्नेमा अन्यथा भएकाले मूल्यांकन रकमको ०.५ प्रतिशत कायम गर्ने निर्णय गरियो ।

ख. होमस्टे व्यवसाय दर्ता /नविकरण शुल्क ३० जना व्यक्ती सम्म राख्न सक्ने क्षमता भएको होमस्टेलाई रु.२०००/- र ३० जना व्यक्ती भन्दा बढी राख्न सक्ने क्षमता भएको होस्टेलाई रु.५०००/- व्यवसाय दर्ता दस्तुर लिई व्यवसाय दर्ता गर्ने निर्णय गरियो ।

ग. अधिकांश सैलुन/पार्लर व्यवसाय दर्ता प्रकृयामा नआएकाले दर्ता प्रकृयामा ल्याउन १ बर्ष देखी संचालनमा रहेका वा नयाँ व्यवसाय दर्ता शुल्क रु.२०००/- र १ बर्ष भन्दा अगाडी देखि संचालनमा रहेका तर हाल सम्म पनि व्यवसाय दर्ता नगरेका सैलुन/पार्लरहरुका लागि कोभिड-१९ को महामारीको समयको २ बर्षको छुट दिई दर्ता शुल्क रु.२००० हजार र नविकरण शुल्क ५००/- कायम गर्ने ।

**निर्णय नं ७**

रत्ननगर नगरपालिका र श्री काश्यप आर के जे भि कलंकी १४ काठमाडौंबीच मिति २०८०।१०। १३ गते सम्झौता भई कार्यदेश दिईएको योजना (***Construction of Drain with footpath (Tandi Chowk to Shringar Budhikhola Culvert) At Ward No.2 RAT\CHITWAN\Works\NCB\05\2078-2079***) को योजना निर्माणाधिनको समयमा सूरु लागत अनुमान गर्दा तयार गरिएको सडक मापदण्ड बमोजिम योजना कार्यान्वयनको समयमा कार्यान्वयन निकायहरु बिच समन्वय हुन नसकेको उक्त चेनेजको केही स्थानमा शाखा सडकहरु पर्ने निर्माण सामाग्री सप्लार्यसको डिपो पर्ने साथै ट्र्याक्टर व्यवसायीको कार्य क्षेत्रमा प्रवेश फिल्ड शुल्क समेत पर्ने हुदाँ सो उल्लेखित क्षेत्रमा सम्झौता बमोजिम कार्य गर्न नमिल्ले हुदाँ थप कार्य गर्न समेत उपयुक्त विकल्प नदेखिएको भनि वडाबाट समेत सिफारिस प्राप्त भएको र आयोजनाको उद्धेश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग संचालनमा आएको देखिएकाले उपरोक्त सन्दर्भमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(४) एवं सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२७ को उपनियम १ बमोजिम सार्वजनिक हितको लागि सुविस्ताको आधारमा सम्झौताको अन्त्य गरी योजनाको Qunatity Vo गरी ठेक्का फरफारक गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ८**

रत्ननगर नगरपालिका वडा नं. ८मा रहेको प्राकृतिक खेलकुद मैदानलाई रङ्गशालाको रुपमा विकास गर्न संघीय सरकार र प्रदेश सरकारका विभिन्न निकायहरुमा बजेट माग गर्नका लागि उक्त योजना निर्माणको Drowing & Design, Detail Estimate तयार गर्नुपर्ने भएकाले उक्त योजनाको डिपिआर तयार गर्ने सर्वसम्मत निर्णय गरियो ।

क्रमशः

**निर्णय नं ९**

चालु आ ब २०८०।८१ को क्रमागत योजनातर्फ विनियोजित केशब आचार्यको घर देखि पश्चिम जाने बाटो निर्माण २०७६/०७७ मा ठेक्का सम्बन्धी निजले गरेको कार्यको मुल्यांकन गरी बेरुजु संपरीक्षण गर्ने र सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(४) एवं सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२७ को उपनियम १ बमोजिम सार्वजनिक हितको लागि सुविस्ताको आधारमा सम्झौताको अन्त्य गरी योजनाको Qunatity Vo गरी ठेक्का सम्झौता रद्ध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं १०**

नेपाल सरकार संघीय समानीकरण अनुदानको तेस्रो र चौथो किस्ता उपलब्ध हुन नसक्ने आशयको मलेनिकाको पत्र प्राप्त भएकाले चालु आ ब को समानीकरण अनुदानबाट संचालन हुने नगर तथा वडास्तरीय योजनाहरु तथा कार्यक्रमहरु हाललाई सम्झौता नगर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ११**

रत्ननगर नगरपालिकाबाट विगतका आ व हरुमा उपभोक्ता समिति र ठेक्का मार्फत संचालन संचालन भई सम्पन्न हुन बाँकी रहेका योजना तथा कार्यक्रमहरुको सम्पन्न गर्नुपर्ने मिति २०८०।१२।३० सम्म र चालु आ व २०८०।०८१ मा यस रत्ननगर नगरपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रमहरुको सम्झौता मिति २०८०।१२।३० गते सम्म निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं १२**

रत्ननगर नगरपालिका नगर स्तरीय अनुगमन समितिबाट अनुगमन समितिको प्रतिवेदन बैठकमा पेश भयो । उक्त अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं १३**

रत्ननगर नगरपालिकाको आर्थिक विकास समितिबाट मिति २०८० मंसिर २२ र मिति २०८० फागुन २२ मा भएका निर्णयहरु बैठकमा पेश भयो ।

**निर्णय नं १४**

वन वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०८०/१२/०१ निर्णय अनुमोदन गरियो साथै रत्ननगर नगरपालिका भित्र आगलागीका कारण क्षति भएका तपसिलका घटनाहरुको देहाय बमोजिम राहात रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो

तपसिल

१. मिति २०८०/११/२७ गते वडा नं. १ को सुहाना फेन्सी कलेक्सनमा भएको क्षतीका राहात रकम रु.१५००००/-
२. वडा नं.९ निवासी श्री सुकदेव देवकोटाको गोठमा मिति २०८०/११/२६ गते परालको टौवामा आगलागी भई क्षति भएको राहात रकम रु.२००००/-

**निर्णय नं १५**

रत्ननगर नगरपालिको विभीन्न मितिको निर्णायानुसार नियुक्ती भई सेवा करारमा कार्यरत कर्मचारीहरुको मिति २०८०।१०।१ गते देखि मिति २०८१ चैत्र मसान्तसम्म (तीन) महिनाका लागि म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

क्रमशः

**निर्णय नं १६**

नेपाल विद्युत प्राधिकरण रत्ननगर टाँडी वितरण केन्द्रको मिति २०८०/११/०६ को च.नं. ६०७ को पत्रानुसार यस कार्यालयको नाममा जडान भएको ग्राहक नं.०१६.२०.२०१. को विद्युत महशुल रकम रु.३२९८६.४० (तीन लाख एक्काईस हजार नौ सय छयासी रुपैयाँ चालिस पैसा मात्र) नगर स्तरीय उज्यालो रत्ननगर कार्यक्रम शिर्षकबाट व्ययभार हुने गरी नेपाल विद्युत प्राधिकरण टाँडी वितरण केन्द्रको खातामा भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं १७**

रत्ननगर नगरपालिकाको फोहरमैला व्यवस्थापन स्थल जाने बाटोमा रहेको सात ढ्वाङ दक्षिण तर्फबाटो भासिन गई आवत जावत गर्न जोखिमपूर्ण हुन गएकाले उक्त बाटो मर्मत गर्न नगर स्तरीय फोहरमैला व्यवस्थापन शिर्षकबाट व्ययभार हुने गरी **रु.१०,००,०००/- (दश लाख मात्र)** विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं १८**

चितवन जिल्ला रत्ननगर नपा वडा नं.२ बस्ने कमल चन्द्र खनालले रत्ननगर नपा कार्यालय समेतलाई प्रत्यार्थी बनाई दायर गरिएको मुद्धा नं. ०७७-CP-०००८ को लुटपिट मुद्धामा सम्मानित उच्च अदालत पाटन हेटौंडा ईजलासको मिति २०७८/१२/२८ को फैसला बमोजिम रु.१५००००/- (एक लाख पचास हजार मात्र) रत्ननगर नगरपालिकाको अन्य फिर्ता शिर्षकबाट व्ययभार हुने गरी भुक्तनी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं १९**

रत्ननगर नगरपालिकाको आ.व. २०८१/०८२ देखि आ.व.०८३/०८४ सम्मको आवधिक योजना तयारीका लागि नगर स्तरीय अनुसन्धान तथा परामर्श शिर्षकबाट व्ययभार पर्ने गरी रु.१५०००००/- (पन्ध्र लाख) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं २०**

रत्ननगर नगरपालिकाको गौरबको योजना रत्ननगर वाटर किङ्डम सम्पन्न गर्नुपर्ने मिति यहि २०८० फागुन मसान्त सम्म भएकोमा चितवन राष्ट्रिय निकुन्जले उक्त क्षेत्र मध्यवर्ती क्षेत्रमा पर्ने भएकाले निकुन्जबाट IEE पास गरी स्वीकृती लिएपछि मात्र काम गर्न पाउने प्रावधान रहेकाले हालसम्म कुनै पनि कार्य सुरु गर्न नसकिएकाले संस्कृती पर्यटन तथा नागरिक उडयान मन्त्रालयसँग भएको सम्झौता बमोजिम रकम सुनिश्चत गरी PB, APG र विमा समेतको नियमानूसार अपडेट गरी सार्वजनिक खरिद नियमावली २०६४ (तेह्रौ संशोधन) २०६४ को नियम१२० क बमोजिम हाललाई २०८१ फागुन मसान्तसम्मको लागि म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं २१**

बालमैत्री नगर दिगोपना कार्यक्रमका लागि रत्ननगर उद्योग वाणिज्य संघ अन्तरगत बाल संरक्षण तथा बाल श्रम न्युनीकरण कार्यक्रम संचालन भईरहेकोमा उक्त कार्यक्रमका लागि रु.२०००००/- (दुई लाख मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

क्रमश

**<u>निर्णय नं २२</u>**

रत्ननगर नगरपालिकाबाट आघिल्ला आ.व . हरु २०७८/०७९ र आ.व. २०७९/०८० मा उपभोक्ता समिति र ठेक्का प्रक्रिया मार्फत संचालन भएका र सम्पन्न हुन बाँकी रहेका क्रमागत योजना/ कार्यक्रमहरुको अन्तिम पटकका लागि मिति २०८० चैत्र समान्त सम्मका लागि म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं २३</u>**

श्री मोहना मा वि रनपा ९ ले मिति २०८०।९।१३ गते देखि कक्षा ८ ९ र १० मा अध्ययरनत जनजाती दलित साथै जेहन्दार विद्यार्थीहरुको शैक्षिक स्तर सुधार गर्न बिहान बेलुकाको समयमा अतिरिक्त एंव उपचारत्मक कक्षाहरु संचालन गर्दै आईरहेकाले उक्त शौक्षिक सुधार कार्यक्रम संचालन बापत रु.१०००००/- **(एक लाख मात्र)** विद्यालयलाई भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं २४</u>**

नेपाल निवृत शिक्षक समाज रत्ननगर निवृत्त शिक्षक समाजले मिति २०८०।११।२६ गते संचालन गरेको तेस्रो साधारण सभा तथा दोस्रो नगर अधिवेशनका लागि आर्थिक सहयोग माग भई आएकाले उक्त कार्यक्रमका लागि नगरस्तरीय बिषयगत चालु शिर्षक नेपाल निवृत्त शिक्षक समाज कार्यक्रमबाट खर्च लेख्ने गरी रु २००००/- (बिस हजार मात्र) सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं २५</u>**

रत्ननगर नगरपालिका अन्तरगतका वडाहरुबाट वडा कार्यालयको सिफारिस सहित आर्थिक सहयोग माग भै आएका तपसिलका व्यक्तीहरुलाई अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार हुने गरी देहायको आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**<u>आर्थिक सहायता</u>**

| क्र स | आर्थिक सहयोग माग गर्ने व्यक्तीको नाम | स्थायी ठेगाना | सहयोग माग भएको विवरण | सिफारिस गर्ने वडा कार्यालय | सहयोग रकम |
|---|---|---|---|---|---|
| १ | कल्पना पन्त | रनपा १५ | मोटरसाईकल दुर्घटना आर्थिक अवस्था कमजोर | वडा नं १५ को कार्यालय | १००००/- |
| २ | आइतमान गुरुङ | रनपा ९ | प्यारालाईसिस आर्थिक अवस्था कमजोर | वडा नं ९ को कार्यालय | १५०००/- |
| ३ | हरी प्रसाद पौडेल | रनपा १ | फोक्सो सम्बन्धी रोग आर्थिक अवस्था कमजोर | वडा नं १ को कार्यालय | १००००/- |
| ४ | विष्णु भुजेल | रनपा १५ | खुट्टाको अप्रेसन आर्थिक अवस्था कमजोर | वडा नं १५ को कार्यालय | २००००/- |
| ५ | सज्जय सारुमगर | रनपा १६ | दम सम्बन्धी समस्या पारिवारिक आर्थिक अवस्था कमजोर | वडा नं १६ को कार्यालय | १००००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | कुमारी विश्वकर्मा | रनपा ८ | मानसिक समस्या पारिवारिक आर्थिक अवस्था कमजोर | वडा नं ८ को कार्यालय | १५०००/- |
| ७ | माया तामाङ्ग | रनपा ३ | पतिको सडक दुर्घटना परी मृत्यु भएको आर्थिक अवस्था कमजोर र काजकृया सहयोग माग | वडा नं ३ को कार्यालय | ५०००/- |
| ८ | रविन चौधरी | रनपा १ | कलेजो सम्बन्धी विरामी आर्थिक अवस्था कमजोर | वडा नं १ को कार्यालय | १००००/- |
| ९ | जय बहादुर लामा | रनपा १ | दिर्घरोग आर्थिक अवस्था कमजोर | वडा नं. १ को कार्यालय | १००००/- |
| ११ | खड्ग कुमारी सर्किनी | रनपा १३ | फोक्सोको क्यान्सर | वडा नं. १३ को कार्यालय | १००००/- |

**निर्णय नं.२६**

रत्ननगर नगरपालिका वडा नं. १० को पल्पी जुस देखि कासी शर्मा, धनश्यामको घर हुदै उत्तरतर्फ १०० मिटर बाटो निर्माणका लागि उपभोक्ता समितिसँग सम्झौता भएकोमा सोही सडक प्रदेश सरकार पूर्वाधार विकास कार्यालयबाट निर्माण कार्य सूरु भई हाल सम्पन्न गरेकाले उक्त समितिसँग भएको सम्झौता १० नं. वडा कार्यालयको सिफारिस बमोजिम रद्ध गर्ने निर्णय गरियो । साथै उक्त योजनाको रकम वडा नं. १० कै कैशालटोल सडक कालोपत्रे निर्माण योजनामा प्राविधिक लागत स्टीमेट बमोजिम खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२७**

रत्ननगर नगरपालिका १ नं. वडा कार्यालयको वडा समितिको बैठकको निर्णयको प्रतिलिपि सहित पेश भएको सिफारिस बमोजिम नेपाल रेडक्रस सोसाईटी रत्ननगर उपशाखाले संचालन गरेको जनचेतनामुलक कार्यक्रमका लागि आ.व. २०८०/०८१ मा वडा स्तरीय बजेट टोल विकास संस्थाको समन्वयमा वृक्षारोपण तथा सरसफाई शिर्षकबाट शिर्षकान्तर गरी **रु.२००००/- (बिस हजार मात्र)** नेपाल रेडक्रस सोसाईटी रत्ननगर उपशाखाको नाममा भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं.२८**

रत्ननगर नगरपालिकामा वडा नं. २ अन्तरगत टाँडी बजार क्षेत्रमा सिसि क्यामेरा जडान ***(Installation Of CCTV Camera at Tandi Bazar Area ward No. 2 (RAT/CHITWAN/Goods/SQ/03/2080/081)*** को नियमानुसार काम सम्पन्न भएकाले प्राविधिकको अन्तिम बिल मुल्यांकन बमोजिमको रकम श्री मौलाकालिका नेटवर्क प्रा.लि. गैडाकोट १ नवलपुरको नाममा भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२९**

रत्ननगर नगरपालिका वडा नं. १० को उज्जवल टोलमा संचालित योजना उत्तर दुलालको घरदेखी पश्चिम प्रमिला पौडेलको घर सम्म बाटो आर.सि.सि. ढलान निर्माण कार्यको लागि प्राविधिकको राय सल्लाह बमोजिम बाटोको दक्षीण तर्फ ढलानको लेबल सम्म ढुङ्गाको पर्खाल निर्माण गर्नुपर्ने भएकाले उक्त योजनाको लागि थप बजेट **रु.१२५०००/-**

**(एक लाख पच्चिस हजार मात्र)** अन्य विविध समपुरक कोषबाट व्ययभार हुने गरी बिनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.३०**

रत्ननगर नगरपालिका वडा नं. १० को मिति २०८० माघ ७ गतेको वडा समितिको बैठकको निर्णय सहित सिफारिस भए बमोजिम आ.व. २०८०/०८१ को तपसिलको योजना तथा कार्यक्रम सशोंधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | आ.व २०८०/०८१ को लागि नगर तथा वडा स्तरीय योजना | संसोधित योजना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कालो पत्रे योजना (बाँकी रकम) रु..११५०००० /- | क. लोक बहादुर कार्कीको घर देखि सोनु गिरीको घर सम्म कालो पत्रे १३० मिटर | ६००००० /- | |
| | | ख. वडा कार्यालय वडा अध्यक्षज्युको कोठा विस्तार तथा निर्माण सुधार | ५००००० /- | |
| | | ग. डाडाँ शान्ति टोल आर.सि.सि. ढलान | २५००० /- | |
| २ | नगर स्तरीय कृष्ण ओझाको घरदेखी पश्चिम गिता अधारीको घर सम्म कालो पत्रे निर्माणको लागि रु.१५००००० /- | कृष्ण ओझाको घरदेखि पश्चिम गिता अधिकारीको घर सम्म बाटो आर.सि.सि. ढलान | १५००००० /- | |

**निर्णय नं. ३१**

रत्ननगर नगरपालिकाको चालु आ.ब. २०८०/०८१ को स्वीकृत बार्षिक कार्येक्रम ८०३३१४०४५११ संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रम अन्तर्गत किसान सूचीकरण कार्यक्रम (बजेट रु २ लाख) स्वीकृत कार्यविधि किसान सूचीकरण कार्यक्रम कार्यन्वयन विधि २०७७ अनुसार हाललाई २ (दुई) वटा वडाहरु वडा नम्बर ८ र ११ बाट किसान सूचीकरणका लागि सबन्धित वडाहरुको वडा समितिको निर्णयबाट कम्तीमा ४/४ जना तपशिलका मापदण्ड भएका गणकहरु छनौट गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

(१) कम्तीमा १२ कक्षा उत्तीर्ण गरेको हुनुपर्ने ।

(२) ईन्टरनेट चलाउन सक्ने, Android वा Smart phone वा Tablet वा Laptop भएको हुनुपर्ने ।

(३) युवा वा स्थानीय शिक्षकलाई प्राथमिकता दिनुपर्ने ।

**यस कार्यका लागि**

किसानको व्यक्तिगत विवरण तथा कृषि तथ्यांक संकलन गरी सूचना प्रणालीमा प्रविष्ट गरेबापत प्रति घरधुरी रु ७५ (पचहत्तर) रुपैयाका दरले पारिश्रमिक उपलब्ध हुनेछ।

क्रमशः

- अनलाईन विवरण प्रविष्ठ गर्ने प्रयोजनका लागि ईन्टरनेट शुल्क बापत बढीमा मासिक १००० रुपैंया संचार खर्च बापत उपलब्ध गराउन सकिनेछ ।

**<u>निर्णय नं. ३२</u>**

मिति २०८० कार्तिक २५ देखि २८ गतेसम्म संचालित प्रथम रत्ननगर सयपत्री फूलमाला मेला २०८० मा श्री नवदिप टेन्ट हाउस, रत्ननगर ३, चितवनलाई मेलामा २७ विक्री वितरण प्रदर्शनी स्टल, १ गेट निर्माण, १ स्टेज निर्माण, र २ दिन साउन्ड सिस्टम उपलब्ध गराए बापत भएको खर्च रकम रु १३१००० (एक लाख एकतीस हजार) भुक्तानी गर्ने **सर्वसम्मत** निर्णय गरियो ।

**<u>निर्णय नं. ३३</u>**

आ.ब.२०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) को अन्तर्गत गाई प्रवर्द्धन/जीविकोपार्जन कार्यक्रम र.न.पा. १२ का लागि रु.१५,००,०००।- (पन्ध्र लाख) बजेटका लागि गठित उपभोक्ता समिति **गाई प्रवर्द्धन कार्यक्रम संचालन उपभोक्ता समिति**ले समन्वय गर्ने गरि छनौट भएका सम्बन्धित कृषकहरुसँग सम्झौता गरि कार्य सम्पादन भए पश्चात् बिल भरपाई, बीमालेख र रत्ननगर नगरपालिकाले तोकेको मापदण्ड/ कागजातहरु पुरा गरेपाछी सम्बन्धीत कृषकहरुको बैंक खातामा ५० प्रतिशत वा बढीमा रु ४०००० (चालिस हजार) रकम भुक्तानी गर्ने **सर्वसम्मत** निर्णय गरियो ।

**<u>निर्णय नं. ३४</u>**

रत्ननगर नगरपालिका वडा नम्बर ५ का कृषकहरुलाई मसला तथा औधोगिक बाली विरुवा (काजु, मरिच, पिस्ता आदी) वितरणका लागि खरिद गरे बापतको खर्च रकम रु ५०६६० (पचास हजार) सप्लायर्स श्री बछौली नर्सरी रत्ननगर ६ लाई भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. ३५</u>**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको मिति २०८०।११।०७ गतेको सूचना अनुसार एक वडा एक कृषि उत्पादन कार्यक्रम अन्तर्गत वडा छनौटको लागि च.नं. ६९६३, मिति २०८०।११।०९ गते यस रत्ननगर नगरपालिका नगर कार्यापालिकाको कार्यालय, रत्ननगर, चितवनबाट गरिएको पत्रानुसार वडाहरुबाट पेश भएका कृषि उत्पादनका लागि तपशिल अनुसार वडा र कृषि उत्पादन छनौट गर्ने निर्णय गरियो ।

<u>प्राप्त भएको विवरण</u>

| वडा | कृषि उत्पादन | वडा | कृषि उत्पादन |
|---|---|---|---|
| १ | भैंसी पालन | ९ | धान खेती |
| २ | फुल खेती | १० | गाई पालन |
| ३ | भैंसी पालन | ११ | तरकारी खेती |
| ४ | धान खेती | १२ | गाई पालन |
| ५ | धान खेती | १३ | बाख्रा पालन |
| ६ | धान खेती | १४ | धान खेती |
| ७ | धान खेती | १५ | मकै खेती |
| ८ | भैसी पालन | १६ | मकै खेती |

*नोट- माथि उल्लेखित वडागत विवरणहरु मध्ये वडा नं. ८ को भैंसी पालन कार्यक्रम छनोट गरी सम्बनिधत निकायमा सिफारिस गर्ने ।*

क्रमशः

**निर्णय नं. ३६**

रत्ननगर नगरपालिकाको स्वीकृत दरबन्दी तेरिजमा रिक्त रहेको कानुन अधिकृत (अधिकृत स्तर छैठौं) तहको लागि दरखास्त आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं.३७**

रत्ननगर नगरपालिकाको आ.व. २०८०/०८१ को दोस्रो चौमासिकमा भएका सेवा प्रवाहका बिषयमा सार्वजनिक सुनुवाई कार्यक्रम तथा प्रथम चौमासिक प्रगती समिक्षा कार्यक्रम मिति २०८०/१२/२२ गते रत्ननगर नगरपालिकाको वडा नं. ६ मारहेको बच्छ्यौली मा.वि. को प्राङ्गणमा संचालन गर्ने र उक्त कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि रत्ननगर नगरपालिकाको सूचना तथा समाचारमा उल्लेखनीय योगदान पुर्याउँदै आएको विप्स मिडियालाई उक्त कार्यक्रम संचालनको जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.३८**

तपसिलको कार्यविधि निर्माण तथा शंसोधनका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

क. रत्ननगर नगरपालिकाको नगर प्रहरी व्यवस्थापन कार्यविधि २०७५ (खारेजी) तथा रत्ननगर नगरपालिकाको सेवा करारमा नगर प्रहरी परिचालन कार्यविधि २०८० (निर्माण)

ख. रत्ननगर नगरपालिकाको सार्वजनिनिक निजी साझेदारी ऐन २०८० (निर्माण)

**निर्णय नं.३९**

रत्ननगर नगरपालिकाको आ.व. २०८०/०८१ को लक्ष्य बमोजिम राजश्व संकलन हुन नसकेको र व्यावसाय दर्ता र नविकरण कार्यलाई थप प्रभाकरी बनाई करको दायरमा ल्याउनका लागि वडा अध्यक्षको संयोजकत्वमा तपसिलको राजश्व परिचालन समिति गठन गरी राजश्व संकलन कार्य अगाडी बढाउने निर्णय गरियो ।

**राजश्व परिचालन समितिका सदस्यहरु**

**सम्बन्धित वडाको वडा अध्यक्ष- संयोजक**

**राजश्व शाखा प्रमुख — सदस्य**

**उद्योग वाणिज्य संघ प्रतिनिधि - सदस्य**

**उधोग संघको प्रतिनिधि - सदस्य**

**सम्बन्धित वडाको वडा सचिव- सदस्य**

**सहयोगी — रत्ननगर नगरपालिकाको नगर प्रहरी आवश्यकता अनुसार**

**निर्णय नं. ४०**

रत्ननगर नगरपालिका वडा नं. १३ स्थित आदर्शनगर टोल अन्तरगत कृष्ण खड्काको घर देखि दक्षीण तर्फ ३२ मिटर र पञ्चरत्न टोल अन्तर्गत फणिन्द्र भण्डँरीको घर देखि पश्चिम तर्फ ३४ मिटरको सडक कालोपत्रे निर्माणका लागि नगर स्तरीय अन्य विविध समपुरक कोष शिर्षकबाट व्ययभार पर्ने गरी रु. ४९५०००/- (चार लाख पन्चानब्बे हजार मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**क्रमशः**

**निर्णय नं. ४१**

रत्ननगर नगरपालिका वडा नं. १ मा प्रेम लामाको घर जाने सडकको दायाँ वायाँ वाल निर्माण योजनाका लागि लागत इस्टमेट अनुसार रु.५१४४५७ ( पाँच लाख चौध हजार चार सय सन्ताउन्न मात्र) अपुग भई योजना सम्पन्न हुन नसकेको भनि १ नं. वडा कार्यालयबाट बजेट माग भई आएकाले नगर स्तरीय विविध समपुरक कोष शिर्षकबाट व्ययभार हुने गरी उक्त योजनाको लागि बजेट थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४२**

रत्ननगर नगरपालिका वडा नं. ३ र ०९ संचालन भएको सेक्युरिटी गार्ड सम्बन्धी तालिमका लागि खाजा खर्च बापतको रकम रु.४००००/- (चालिस हजार मात्र) नगर प्रमुख विविध प्रवर्द्धनात्मक कार्यक्रम शिर्षकबाट व्ययभार पर्ने गरी खर्च लेख्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४३**

रत्ननगर नगरपालिका वडा नं. १२ स्थित अद्धैत टोलबाट बागदेवीटोल जाने गोरखकाली मार्ग बाटोमा कालोपत्रे निर्माणका लागि प्राविधिक लागत इस्टीमेट बमोजिम अपुग बजेट रु.**१७५०००/- (एक लाख पचहत्तर हजार मात्र)** नगर स्तरीय विविध समपुरक कोष शिर्षकबाट व्ययभार हुने गरी विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४४**

रत्ननगर नगरपालिका वडा नं. १२ स्थीत नवजागृती टोलमा रहेको सार्वजनिक जग्गामा रहेको अव्यवस्थित वस्तीलाई व्यवस्थापन गर्ने क्रममा सो स्थानमा रहेको ४ वटा घरहरुलाई स्थान्तरण गर्नेपर्ने भएकाले नगर स्तरीय सार्वजनिक जग्गा संरक्षण तथा घेराबारा कार्यक्रम (न.गौ.यो.) शिर्षकबाट व्ययभार हुने गरी **रु.५०००००/- (पाँच लाख मात्र)** विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.४५**

रत्ननगर नगरपालिकाको प्रशासनिक भवन रङरोकनका लागि अन्य विविध समपुरक कोष शिर्षकबाट व्ययभार हुने गरी प्रविधिक लागत इस्टीमेट बमोजिम रु.५५००००/- (पाँच लाख पचास हजार मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।